# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, पौष २८ गते, २०७९ साल (अतिरिक्ताङ्क १४

## भाग-३

## प्रदेश प्रमुखको कार्यालय

### कर्णाली प्रदेश, सुर्खेतको

### सूचना

नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नवनियुक्त मुख्यमन्त्री माननीय राज कुमार शर्माज्यू तथा धारा १६८ को उपधारा (९) बमोजिम नवनियुक्त मन्त्रीज्यहरु माननीय मंगल बहादुर शाही र माननीय विनोद कुमार शाहज्यूले नेपालको संविधानको धारा १७२ बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष क्रमशः मुख्यमन्त्री तथा मन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनुभएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतको च.नं. ४५ मिति २०७९/०९/२८ को पत्रानुसार मिति २०७९/०९/२८ मा गठित मन्त्रिपरिषद्मा तपसिल बमोजिम मन्त्री

पदमा नयाँ नियुक्ति तथा कार्यविभाजन हेरफेर गरिएकोले यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.स | नाम थर | पद | कार्य विभाजन |
|---|---|---|---|
| १ | माननीय राज कुमार शर्मा | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, जलस्रोत तथा उर्जा विकास मन्त्रालय। |
| २ | माननीय मंगल बहादुर शाही | मन्त्री | विनाविभागीय |
| ३ | माननीय विनोद कुमार शाह | मन्त्री | विनाविभागीय |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

निर्णय भएको मितिः २०७९/०९/२८

आज्ञाले,

भीमराज थानी

प्रदेश प्रमुखको कार्यालयको निमित्त सचिव